आज मिति २०७७ कात्तिक २ गते आईतबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९४ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | नि.प्रमुख प्रशासकीय अधिकृत श्री दिपक कुमार के.सी. | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री गणेश गुरुङ (लेखा अधिकृत)

२. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/०६/३० गते नगर प्रमुखज्यूबाट मिति २०७७/०७/०२ गते नगर कार्यपालिकाको ९४ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
| --- | --- | --- | --- |
| १. | प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) निकासी कर संकलन ठेक्का सम्झौता सम्बन्धमा ।<br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>प्रा.अ.तथा प्र.अधिकृत |  | • यस नगरपालिकाको मिति २०७७/०५/२२ गते नागरिक राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित यस दक्षिणकाली नगर क्षेत्रभित्र निर्माणमुखी कच्चा पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटो) लगायत प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये अधिकतम मूल्याङ्कन भएको श्री पुष्पाञ्जली लक्ष्मी निर्माण सेवा, दक्षिणकाली न.पा.वडा नं.६ को बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट सिफारिस भएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम मिति २०७७/०६/१९ को नागरिक राष्ट्रिय दैनिकमा आशयको सूचना प्रकाशित हुँदा दफा ४७ अनुसार अन्य बोलपत्रदाताले दाबी नगरेको हुँदा ऐनको दफा २७(१) अनुसार श्री पुष्पाञ्जली लक्ष्मी निर्माण सेवा, दक्षिणकाली न.पा.वडा नं.६ को अधिकतम कबोल अंक भ्याट बाहेक रु.३ करोड १३ लाख भएको बोलपत्र स्वीकृत भएको हुदाँ उक्त बोलपत्रदाताद्वारा कबोल अंकको मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्ने र बोलपत्रको शर्त नं.११ अनुसार कबोल गरेको रकम सम्झौता गर्नु अग्रिम रुपमा एकमुष्ट बुझाउदाँ कबोल अंकको भ्याट बाहेकमा नियमानुसार पाउने १० प्रतिशत छुट रकम रु.३१ लाख ३० हजार समेत यस कार्यालयमा कबोल अंकको रकम दाखिला गर्दा नै कट्टा गर्ने गरी र यस कार्यालयमा नगदै दाखिला गरेको धरौटी रकम रु.१७ लाख ७० हजार समेत नगरपालिकाले आम्दानी बाधीसकेपछी बाँकी हुन आउने रकम रु.२ करोड ६४ लाख नगदै जम्मा गरी सम्झौता गरी पाउँ भनि श्री पुष्पाञ्जली लक्ष्मी निर्माण सेवा, दक्षिणकाली न.पा.वडा नं.६ ले निवेदन पेश गरेको हुदाँ सोही बमोजिम सम्झौता गर्ने । |
| २. | द.न.पा.७ मा औद्योगिक ग्राम निर्माण सम्बन्धमा । |  | • नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जारी गरेको औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०७५ अनुसार यस दक्षिणकाली न.पा.वडा नं.७ साविक फर्पिङ भिमसेनस्थान वडा नं.६(ख), कि.नं.५१ को पर्ति जग्गा भित्र औद्योगिक ग्राम निर्माणको लागी सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| ३. | खानी नविकरण सम्बन्धमा । | | • खानी तथा भुगर्भ विभागको च.नं.६२०, मिति २०७७/०६/१८ को पत्रबाट दशरथ बलामीको नाममा दर्ता कायम रहेको ढुङ्गा खानीको म्याद दुई वर्ष (मिति २०७६/०९/१५ देखी २०७८/०९/१४ सम्म) थप गर्न सहमती भएको हुदाँ यस नगरपालिकाबाट खानी सम्बन्धमा अनुगमन गर्न गठीत उप समितिले मिति २०७७/०६/३० मा नगर प्रमुख समक्ष प्रस्तुत प्रतिवेदन, वडा नं. ८ को कार्यालयको खानी नविकरणको लागी गरिएको सिफारिस र वार्षिक वातावरणीय परिक्षण प्रतिवेदनको आधारमा दशरथ बलामीको नाममा दर्ता कायम रहेको ढुङ्गा खानीलाई नियमानुसारको दस्तुर लिई २०७८ असार मसान्त सम्मका लागी नविकरण गर्ने । |
| ४. | दक्षिणकाली क्षेत्र विकास समितिको कर्मचारी व्यवस्थापन सम्बन्धमा ।<br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>प्र.अ.तथा प्र.अधिकृत | | • दक्षिणकाली क्षेत्र विकास समितिको मिति २०७७/०६/३० गतेको पत्रानुसार साविक क्षेत्र प्रबन्ध समितिमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७७/०६/०१, चलानी नं. ४३५८ को पत्रानुसार संघीय सरकारबाट जारी भएको ऐन/नियमानुसार कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकोमा सोहि सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/०५/१२ गते, प.स.०७५/०७६ र च.नं.११३ को पत्रको बुँदा नं. ०२ अनुसार कुनै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका विभाग आयोजना वा केन्द्रियस्तरका निकायको संगठन पुर्न संरचना हुँदा साविकका संरचना एक अर्कामा गाभिएको.वा खारेज भएको वा नयाँ संगठन संरचना बनेकोमा उक्त निकायमा रिक्त रहेको पदमा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्दा साविकको वा खारेज भएको निकायमा काम गरिरहेको जनशक्तिलाई नै प्राथमिकता दिई सेवा करारमा सम्झौता गर्ने भनिएको र उक्त सेवा करारमा लिदाँ सेवा करारमा लिएको तह अनुसार नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०७७/०४/१ गते जारी भएको तलबमानमा नबढ्ने गरी सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/०१/२५ गते, प.सं. कानून-१८-०७३/७४ र चलानी नं.२१७ बमोजिम तपशिल बमोजिमको सुविधा उपलब्ध गराउन सकिने निर्णय भएको तथा दक्षिणकाली क्षेत्र विकास समिति ऐन, २०७७ जारी भए देखी मिति २०७७/०४/०१ गतेबाट नै लागु हुने गरी त्यस विकास समितिमा रहेका |

| | | | |
|---|---|---|---|
| | प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>प्र.अ.तथा प्र.अधिकृत | | कर्मचारीहरुको सेवा करार एवं ज्यालादारीमा सम्झौता गर्ने र मिति २०७७/०३/३१ गते सम्मको हकमा साविक क्षेत्र प्रबन्ध समितिबाट खाईपाई आएको स्केल बमोजिम तलब भुक्तानी गर्न सहमति दिने ।<br>तपशिल (करार सेवामा कार्यरतहरुका लागी मात्र)<br>• कम्तीमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभूत पारश्रमिक बराबरको चाडपर्व खर्च उपलव्ध गराउने ।<br>• सार्वजनिक विदा बाहेक वार्षिक रुपमा संचित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा १ दिन बिदा दिन सकिने ।<br>• क्रिया बिदा बढीमा १५ दिन दिन सकिने ।<br>• सुत्केरी बिदा अघिपछी गरी बढीमा ६० दिन प्रदान गर्ने ।<br>• सालवसाली रुपमा १ पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले पाए सरह उपलव्ध गराउने । |
| ५. | सेवा प्रवाह बन्द गर्ने सम्बन्धमा । | | • विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण यस नगरपालिकाका सबै वडाहरुमा देखिएको र दिन प्रति दिन संक्रमणको दर तिव्र रुपमा फैलिन थालेकोले संक्रमण रोकथाम तथा नियन्त्रणको लागी यस नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुदै आईरहेको अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु मिति २०७७/०७/०३ गते देखी २०७७/०७/१४ गते सम्मको लागी बन्द गर्ने । |
| ६. | कोरोना बिमा सम्बन्धमा । | | • यस नगरपालिकाबाट आ.ब.०७७/०७८ मा नगरस्तंरीय स्वास्थ्य योजनाबाट नगर भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरीक अन्य, जेष्ठ नागरीक दलित, पूर्ण तथा आंशिक (अति अशक्त) अपाङ्गता भएका व्यक्तिहरु र ६० वर्ष माथीका विधवा तथा एकल महिला, महिला स्वास्थ्य स्वयंसेविका र जनप्रतिनिधिहरुको कोरोना बिमा गर्ने । |
| ७. | रकम भुक्तानी सम्बन्धमा । | | • चालु आ.ब.०७७/०७८ मा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी तथा नगर प्रमुखको आदेशमा भए गरेका तपसिल बमोजिमका कार्यहरुको भुक्तानी दिन बाँकी रकम सम्बन्धीत वडा कार्यालयहरुको सिफारिसमा सो को औचित्यता हेरी नगर |

| | | | |
|---|---|---|---|
| | प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>प्रमु.प्र.अ.तथा प्र.अधिकृत | | प्रमुखबाट स्वीकृत गराई भुक्तानी दिने ।<br>**तपसिल**<br>क) दक्षिणकाली न.पा.वडा नं.८ को राम्चे भञ्ज्याङमा सञ्चालित हेल्पडेक्सको खाना खाजा खर्च रु. ५६,६००।-<br>ख) दक्षिणकाली न.पा.वडा नं.९ को हुमाने भञ्ज्याङमा सञ्चालित हेल्पडेक्सको खाना खाजा खर्च रु. १,८७,००५।-<br>ग) द.न.पा.५ मा सडक बत्ति जडानको लागी रु.१,००,०००।-<br>घ) द.न.पा.५ को शेषनारायण मन्दिर परिषरमा राख्न खरिद गरिएको शेषनागको मुर्तिको रकम भुक्तानी रु.१,००,०००।-<br>ङ) द.न.पा.५ अरुणोदय मा.वि.मा क्वारेन्टाईन निर्माण खर्च रु.४२,४३०।-<br>च) द.न.पा.५ नं. वडा कार्यालय परिषर सरसफाई खर्च रु.१८,०००।-<br>छ) द.न.पा.७ भित्र सोखेल, निमिटोल, गोपालेश्वर मन्दिर क्षेत्र ग्राभेल खर्च रु.१,३०,०००।-<br>ज) द.न.पा.७ नं. वडा कार्यालयमा खानेपानी तथा शौचालयमा धारा जडान खर्च रु.३०,०००।-<br>झ) द.न.पा.२ तौथली/सत्तल खेल मैदान निर्माण रु.५०,०००।-<br>ञ) द.न.पा.२ बतासे डाँडाको पहिरो पन्छाउने कार्य रु.४०,०००।- |